बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- क. प्र./२०८१/०८२
चलानी नं. :- ११५९

मिति:२०८१/१२/२७

विषय: जानकारी तथा कार्यान्वयन सम्बन्धमा।

श्री प्रदेश मन्त्रालय/निकाय, (सबै)
बागमती प्रदेश, हेटौंडा।

मिति २०८१ साल चैत्र २६ गते मङ्गलबार श्रीमान् प्रमुख सचिवज्यूको अध्यक्षतामा बसेको सचिव बैठकको निर्णय जानकारी तथा कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाइएको बेहोरा निर्देशनअनुसार सादर अनुरोध छ।

..........
(रविनजंग कार्की)
अधिकृत सातौं

सादर अवगतार्थः

१. श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा।

२. श्रीमान् सचिवज्यूहरु (सबै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा)।

बोधार्थः

१. श्री सूचना तथा सञ्चार समन्वय शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

**मिति २०८१ साल चैत्र २६ गते बसेको बागमती प्रदेश सरकारको सचिव बैठकका निर्णयहरु**

१. नेपाल सरकार, सचिव बैठक तथा प्रमुख सचिवसहित प्रदेश सचिवहरूको बैठकका निर्णयहरू तदारुकताका साथ कार्यान्वयन गर्ने/गराउने तथा निर्णय कार्यान्वयनको प्रगति विवरण नियमित रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने।

२. प्रदेश सरकारअन्तर्गतको मन्त्रालय/निकाय तथा मातहतका कार्यालयमा सिर्जना भएको बेरुजूको लगत खडा गरी बेरुजू फस्यौंट सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने।

३. नेपाल सरकार, नियामक निकाय तथा सम्मानित अदालतबाट कामकारवाहीका सम्बन्धमा लेखि आएको पत्रहरुको जवाफ समयमा नै पठाउने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत गराउने।

४. बागमती प्रदेश सरकारको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रममा समावेश हुनुपर्ने विषयहरुका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विषयगत मन्त्रालय/निकायमा पठाइएको Log Form मा आधारित तोकिएको ढाँचामा उल्लिखित समय भित्र पठाउने।

५. प्रदेश सरकारका मन्त्रालय/निकाय तथा मातहतका कार्यालयहरुमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को कार्यान्वयन गर्ने।

प्रमुख सचिव